नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७८/०७९

चलानी नं.:- ४९०

मितिः-२०७८/१२/२४

श्री जिल्ला समन्वय समिति(सबै) ।

विषय : जिल्ला सभाको नाममा रहेको जग्गा तथा भवनको हक हस्तान्तरणको सिफारिस सम्बन्धी मापदण्ड, २०७८ पठाइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस मन्त्रालयबाट मिति २०७८/१२/१६(मा.मन्त्रीस्तर) मा स्वीकृत जिल्ला सभाको नाममा रहेको जग्गा तथा भवनको हक हस्तान्तरणको सिफारिस सम्बन्धी मापदण्ड, २०७८ कार्यान्वयनको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

..................

नमराज वाग्ले

शाखा अधिकृत

<u>बोधार्थ</u> :

श्री सूचना तथा प्रविधि शाखा : website मा upload गरिदिनु हुन ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

# जिल्ला सभाको नाममा रहेको जग्गा तथा भवनको हक हस्तान्तरणको सिफारिस सम्बन्धी मापदण्ड, २०७८

जिल्ला सभाको नाममा रहेको तथा जिल्ला सभाको स्वामित्वमा आउने जग्गा तथा भवन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९८ बमोजिम हक हस्तान्तरणको लागि नेपाल सरकारमा अनुरोध गर्दा हस्तान्तरण प्रक्रिया, उपयोगको सुनिश्चितता र हस्तान्तरण हुने निकायको दायित्व सम्बन्धी विषयलाई थप स्पष्ट पार्न एवम् हस्तान्तरण प्रकृयालाई व्यवस्थित बनाउन आवश्यक भएकोले, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यो मापदण्ड जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u> (१) यो मापदण्डको नाम जिल्ला सभाको नाममा रहेको जग्गा तथा भवनको हक हस्तान्तरणको सिफारिस सम्बन्धी मापदण्ड,२०७८ रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा :</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "जिल्ला समन्वय समिति" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समिति सम्झनु पर्दछ ।

(ख) "जिल्ला सभा" भन्नाले संविधानको धारा २२० को उपधारा (१) बमोजिमको जिल्ला सभा सम्झनु पर्दछ।

(ग) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्दछ ।

(घ) "सङ्घीय निकाय" भन्नाले सङ्घीय सरकार मातहतका सरकारी कार्यालयलाई सम्झनु पर्दछ।

## परिच्छेद -२

## जग्गा तथा भवनको अभिलेख, हस्तान्तरण तथा उपयोग सम्बन्धी व्यवस्था

३.<u>जग्गा तथा भवनको अभिलेख सम्बन्धी व्यवस्थाः</u> जिल्ला समन्वय समितिले आफ्नो नाममा रहेको जग्गा तथा भवनको अभिलेख अनुसूची -१ बमोजिमको ढाँचामा ठीक दुरुस्त राख्नुपर्नेछ ।

४. <u>जग्गा तथा भवनको हक हस्तान्तरणः</u>(१) जिल्ला सभाको नाममा रहेको जग्गा तथा भवनको हस्तान्तरण सम्बन्धी निर्णय जिल्ला सभाबाट हुनु पर्नेछ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) जिल्ला सभाले जग्गा तथा भवनको हक हस्तान्तरणको निर्णय गर्दा देहाय बमोजिमका आधारमा गर्नुपर्नेछ।

(क) हस्तान्तरण गर्नुपर्ने कारण र औचित्यता,

(ख) हस्तान्तरण गर्ने जग्गा तथा भवन हस्तान्तरण गर्न योग्य भएको विस्तृत प्रतिवेदन,

(ग) हस्तान्तरण हुने जग्गा तथा भवनको दीर्घकालीन व्यवस्थापन र उपयोग सम्बन्धी विस्तृत विवरण,

(घ) जग्गा तथा भवन रहेको स्थानको गाउँपालिका वा नगरपालिकालाई पहिलो प्राथमिकता दिईएको विषय,

(ङ) सम्बन्धित जिल्ला सभालाई जग्गा वा भवनको पर्याप्तता,

(च) जग्गा वा भवनको कुनै भाग/अंश हस्तान्तरण गर्न लागिएको हो भने साविक संरचनामा असर नगर्ने सुनिश्चितता।

५. <u>सिफारिस सम्बन्धी व्यवस्था:</u>(१) जिल्ला सभाको नाममा रहेको जग्गा तथा भवन सङ्घीय सरकारी निकाय र स्थानीय तहको प्राथमिकता प्राप्त परियोजनाको लागि मात्र हक हस्तान्तरणको लागि सिफारिस गर्न सकिनेछ ।

(२) संघ तथा प्रदेश सरकार अन्तर्गतका सरकारी निकायलाई जग्गा तथा भवनको हक हस्तान्तरणको लागि निवेदन पेश गर्दा जिल्ला सभाको निर्णय सहित सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को दफा (१०) बमोजिम जिल्लास्तरीय सिफारिस समितिको सिफारिस पेश गर्नु पर्नेछ।

(३) अन्य सरकारी निकायको सेवा प्रवाहको लागि कार्यालय भवन निर्माण गर्न जग्गा हस्तान्तरण गर्दा जग्गा रहेको स्थानको गाउँपालिका/नगरपालिकाको सिफारिस संलग्न गर्नु पर्नेछ।

६. <u>उपयोग सम्बन्धी व्यवस्था :</u> (१) हक हस्तान्तरण भएका जग्गा तथा भवन हस्तान्तरण गर्दाको उद्धेश्य वाहेक अन्य कुनै किसिमको काममा उपयोग गर्न र कुनैपनि किसिमले भाडामा लगाउन पाइनेछैन।

७. <u>हक हस्तान्तरणको सिफारिस नहुने:</u> जिल्ला सभाको जग्गा तथा भवनको हक हस्तान्तरणको लागि अनुरोध भई आएतापनि देहाय बमोजिमको अवस्थामा हक हस्तान्तरणको लागि सिफारिस गरिने छैन।

(क) जग्गा/भवनको स्वामित्व तथा उपयोगको विषयमा अदालतमा मुद्धा विचाराधीन रहेको अवस्थामा,

(ख) कुनै निकायको आवास, भण्डार र ग्यारेज बनाउने प्रयोजनको लागि माग भई आएको,

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ग) सरकारी निकाय वाहेक राजनीतिक दल, गैर सरकारी संस्था, कम्पनी, सार्वजनिक संस्थान, निजी कम्पनी/प्रतिष्ठान, सहकारी तथा व्यापारिक प्रयोजनको लागि जग्गा तथा भवनको हक हस्तान्तरणको लागि माग भई आएको,

(घ) जिल्ला समन्वय समितिको कार्यालय परिसर र सोसँग जोडिएको जग्गा तथा भवन अन्य कुनै निकायलाई हस्तान्तरणको लागि माग भई आएको ।

८. <u>पेश गर्नुपर्ने कागजातहरू:</u> जिल्ला सभाको जग्गा तथा भवनको हक हस्तान्तरणको लागि मन्त्रालय समक्ष अनुरोध गर्दा जिल्ला समन्वय समितिले देहाय बमोजिमका कागजात पेश गर्नुपर्नेछ ।

(क) जिल्ला सभाको निर्णय,

(ख) जग्गाधनी प्रमाण पूर्जाको प्रमाणित प्रतिलिपि,

(ग) जग्गाको ट्रेस नक्शा,

(घ) हक हस्तान्तरण हुने निकायको संक्षिप्त परियोजना विवरण,

(ग) हक हस्तान्तरण हुने निकायको अनुरोध पत्र,

(च) जिल्ला सभाले अन्य निकायलाई जग्गा हस्तान्तरण गर्दा आफ्नो सेवा प्रवाहमा कुनै वाधा नपर्ने व्यहोराको प्रतिबद्धता,

(छ) जग्गा तथा भवन रहेको स्थानीय तहको सिफारिस ।

(ज) सङ्घीय/प्रदेश सरकारको कुनै निकायलाई हक हस्तान्तरण गर्नुपरेमा सो निकायको केन्द्रीय निकायको सिफारिस,

(झ) सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को दफा (१०) बमोजिम सिफारिस समितिको सिफारिस।

## परिच्छेद -३

## <u>विविध</u>

९. <u>विवरण पठाउनु पर्ने :</u> यस मापदण्ड बमोजिम हक हस्तान्तरण भएको जग्गा तथा भवनको विवरण अनुसूची -२ बमोजिम तयार गरी जिल्ला समन्वय समितिले मन्त्रालय र सम्बन्धित मालपोत कार्यालयमा पठाउनु पर्नेछ ।

१०. <u>बाधा अड्काउ फुकाउने अधिकार:</u> यो मापदण्ड कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनूसुची -१

(दफा ३ को उपदफा (१) संग सम्बन्धित)

जिल्ला समन्वय समितिको कार्यालय, ........

**जग्गा तथा भवनको विवरण**

मितिः

| सि.नं. | जग्गा/भवनको विवरण | भवन भए भवनको प्लिन्थ एरिया, क्षेत्रफल र संख्या | क्षेत्रफल रोपनी/विघा/बर्गमिटर | ठेगाना | | अवस्था | उपयोग गरिरहेको निकायको नाम र प्रयोजन |
|---|---|---|---|---|---|---|---|
| | | | | साविकको | हालको | | |
| | | | | | | | |
| | | | | | | | |

नेपाल सरकार
सिंहदरबार, काठमाडौं

अनूसुची -२

(दफा ९ संग सम्बन्धित)

जिल्ला समन्वय समितिको कार्यालय, ........

**हक हस्तान्तरण भएको जग्गा तथा भवनको विवरण**

जग्गा तथा भवन हस्तान्तरण हुने कार्यालयको नाम र ठेगानाः

जिल्ला सभाको निर्णय मितिः

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय मितिः

मितिः

| सि.नं. | जग्गा/भवनको विवरण | भवन भए भवनको प्लिन्थ एरिया, क्षेत्रफल र संख्या | क्षेत्रफल रोपनी/विघा/ बर्गमिटर | ठेगाना | अवस्था | उपयोग गरिरहेको निकायको नाम र प्रयोजन |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

बुझाउनेक नामः

पदः

दस्तखतः

कार्यालयको छापः

बुझिलिनेको नामः

पदः

दस्तखतः

कार्यालयको छापः

मितिः